

# ४ तिम्रो सारा हृदयले परमेश्वरलाई प्रेम गर

*__यस अध्यायका मूल पदहरू:__* व्यवस्था ६:४,५, व्यवस्था १०:१२, एफिसी २:१-१०, प्रकाश १४:६,७, व्यवस्था ४:३७, व्यवस्था ११:१ र मर्कूस १२:२८-३०।

*__यस अध्यायको मूल सार पद:__* **"तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले आफ्नो सारा आत्मा वा प्राणले र आफ्नो सारा बाहुबल वा शक्तिले प्रेम गर" (व्यवस्था ६:५ रूपान्तरित)।**

यहूदी धर्ममा गरिने महत्त्वपूर्ण प्रार्थनाका शैलीहरूमा व्यवस्था ६बाट लिएको एउटा पनि हो। यसलाई "शिमा **Shema**" भनिन्छ। यो हिब्रू भाषामा गरिने प्रार्थनामा सबभन्दा पहिलो शब्द हो। यो शामा **shama** भन्ने मूल शब्दबाट आएको हो। यसको अर्थ "सुन्नु" वा "आज्ञाकारी हुनु" हो। यो शब्द व्यवस्थाको पुस्तकमामात्र होइन पुरानो करारभरि नै देखापरेको छ (नयाँ करारमा त झन जोशिलो पाराले प्रयोग गरिएको छ-अनुवादक)।

हिब्रू भाषामा यो शेमाको पहिलो हरफ यस प्रकारको छः **Shema Yisrael Adonai Elohenu Adonai echad.** *शेमा इज्राएल आडोनाइ इलोहेनु आडोनाइ इखाद*। यसको अर्था "हे, इस्राएलः परमप्रभु हाम्रो परमेश्वर, प्रभु एक हुनुहुन्छ" (व्यवस्था ६:४ रूपान्तरित)। प्रत्येक पल्ट जब यहूदीले यो उच्चारण गर्दछ तब उसले आफ्नो आँखा बन्द गर्दछ। परमेश्वरको बारेमा सोच्ने समयमा कुनैले बाधा नदिएको तिनीहरूले चाहन्छ। शेमाको पहिलो हरफमा एकईश्वर *आडोनाइ इलोहिनु*प्रति प्रतिबद्धता जनाउँछ, "प्रभु हाम्रो परमेश्वर" र अरू कुनै देवीदेवताहरू होइन तर उहाँमाथिमात्र बफादारी हुने वादा हो। अझ यसलाई "प्रभु हाम्रो परमेश्वर हुनुहुन्छ" भनेर पनि पढ्न सकिन्छ।

जब इस्राएलीहरू प्रतिज्ञा गरिएको देशमा पस्न तयार भएका थिए मोशाले तिनीहरूलाई पहिलो सम्बोधन गर्दा उक्त सम्बोधनको पहिलो हरफ हो। तर त्यसपछि के शब्दहरू बोले त्यसले सत्यलाई प्रभावकारीरूपमा व्यक्त गरिएको थियो जुन त्यस समयको निम्ति निर्णायक थियो।

## १. परमेश्वरलाई प्रेम गर्नु

मोशाले तिनीहरूको इतिहासको बृतान्त सुनाएपछि इस्राएलीहरू कनान देश कब्जा गर्न र त्यहाँ फलिफाप हुन तिनीहरू के गर्नुपर्छ भने नीतिनिर्देशनहरू उनले दिन थालेका थिए। यथार्थमा भन्ने हो भने व्यवस्थाको पुस्तको मूख्य भाग नै त्यो हो भने पनि हुन्छः करारको प्रतिवद्धतामा रहिरहन तिनीहरूकोतर्फबाट के गर्नु आवश्यकता छ भनेर परमेश्वरले तिनीहरूलाई भनिरहनुभएको थियो। जुन करार परमेश्वरले आफ्नो अनुकम्पा र अनुग्रहद्वारा तिनीहरूका पूर्खाहरूसँग गर्नुभएको थियो र अहिले पूरा हुन लागेको थियो।

व्यवस्था ६ अध्यायको सुरु यसरी हुन्छः " १ तिमीहरूले यर्दन पार गई अधिकार गर्न लागेको देशमा पालन गर्न भनी परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई सिकाउन मलाई हुकुम गर्नुभएका आज्ञा, विधि र विधान यी नै हुन्। २ सम्पूर्ण जीवनभरि परमप्रभु तिमीहरूका परमेश्वरको भय मानेर तिमीहरू र तिमीहरूका छोराछोरी र नातिनातिनाले उहाँका सबै विधि र आज्ञाहरू पालन गर्नू, कि तिमीहरूको आयु लामो होस्" (व्यवस्था ६:१-२)।

**व्यवस्था ६:४,५ पढ्नुहोस्। पद ५मा परमेश्वरले इस्राएलीहरूलाई के आदेश दिनुभएको थियो? त्यसको अर्थ के हो? हेर्नुहोस्: " ४ हे इस्राएल, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। ५ तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर" (व्यवस्था ६:४-५)।**

तिम्रो सारा हृदयले प्रेम गर्नु रे....? यो आदेशले हामीलाई उत्सुकता जगाउँछ। व्यवस्था दिएको बीचमा, चेतावनी, नीतिनिर्देशन र परमेश्वरले गर्नुहुने रक्षात्मक कदमको वचनको बीचमा तिनीहरूले परमेश्वरलाई प्रेम गर्नु रे! फेरि ल, ल, उहाँलाई प्रेम गर्छु भनेर मुखले वा औपचारिकरूपमा प्रेम गर्नेमात्र होइन तर सारा हृदय वा दिमागले, सारा प्राण वा आत्मियताले र सारा बाहुबलले प्रेम गर्नुपर्छ भन्ने उहाँको चाहना छ। परमेश्वरले अपेक्षा गर्नुभएका प्रेममा अखण्डता, शुद्ध, निर्वाध, स्वच्छन्दता, त्रुटी नभएको, पूर्णता र अनन्त वा परम जस्ता गुणहरू हुनुपर्दछ।

परमेश्वरलाई हाम्रो सारा हृदय, दिमाग, आत्मा र बाहुबलले प्रेम गर्नु भनेको हामीले गर्ने कुनै बस्तु वा कुनैप्रतिको प्रेमभन्दा उहाँमाथिको प्रेमले प्राथमिकता पाउनुपर्दछ। किनकि हाम्रो सम्पूर्ण जीवन र अस्तित्व र सबै थोकको जग र स्रोत उहाँ नै हुनुहुन्छ। जब हामीले उहाँलाई प्रेम गर्न सक्छौं तब प्रत्येक थोकाई उचितरूपमा प्रेम गर्छौं र जे पनि उहाँको दृष्टिकोणले हेर्ने क्षमता हामीमा हुनेछ।

याद गर्नुहोस्, हिब्रू शब्दमा "तिम्रो" भन्ने शब्द एक बचन वा व्यक्तिगत हो। तिम्रो सारा हृदय, सारा आत्मा र सारा बाहुबल भनेर सामूहिक होइन तर व्यक्तिविशेषलाई औँल्याइएको छ। हो, परमेश्वरले सारा जनसमूदायसँग बोलिरहनुभएको थियो। तर त्यो सारा जनसमूदाय त्यसबेला बलियो हुन्छ जब त्यस समूदायको प्रत्येक व्यक्तिले परमेश्वरलाई चोखो प्रेम दिन सक्छ। हामी ठूलो समूहको एक भाग भएतापनि हामी व्यक्तिगतरूपमा उहाँप्रति बफादारी हुन उहाँ चाहनुहुन्छ। हामीहरूको विश्वासको कुनै पनि क्रियाकलापको जग वा आधार उहाँमाथिको प्रेममा हुनुपर्दछ। उहाँ को हुनुहुन्छ र हाम्रो निम्ति उहाँले के गर्नुभयो सोलाई आत्मसात् गरेर उहाँलाई प्रेम गर्न सिक्नुपर्दछ र हामीहरू जुनसुकै काम गर्ने उर्जा वा बल उहाँप्रतिको प्रेम र उहाँको प्रेमले घचेडी रहेको हुनुपर्दछ (२ कोरन्थी ५:१४)।

**सोच्नुहोस्, परमेश्वरलाई तपाईंको सारा हृदय वा दिमागले, प्राण वा आत्माले र शक्ति वा बाहुबलले प्रेम गर्नु भनेको के हो?**

## २. परमेश्वरको भय वा उहाँको उपस्थितिको महसुस गर्नु

आफूसँग भएको सबै थोकले परमेश्वरलाई प्रेम गर भनेर मोशाले इस्राएलका सन्तानहरूलाई भनेको थिए। त्यो कुनै सरसल्लाह, अर्ति, उपदेश, शिक्षा, भनाई, अनुरोध नभएर आदेश थियो। तर त्यस आदेशभन्दा केही पदहरू पहिले उनले तिनीहरूलाई अर्को आदेश दिएका थिएः "तिम्रो परमप्रभु परमेश्वरको भय मान्नु वा उहाँमाथि श्रद्धा राख्नु" (व्यवस्था ६:२ रूपान्तरित)।

**परमेश्वरलाई प्रेम गर्नु र उहाँको भय गर्नु वा उहाँमाथि श्रद्धा राख्नु भनेको के हो र हामीले कसरी बुझ्ने? हेर्नुहोस्, व्यवस्था १०:१२ " यसैकारण अब हे इस्राएली हो, परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूबाट चाहनुभएका कुरा यी नै हुन्ः तिमीहरूले आफ्ना परमप्रभु परमेश्वरको डर मान, उहाँका सबै मार्गमा हिंड़, उहाँलाई प्रेम गर, आफ्नो सारा हृदय र प्राणले परमप्रभु तिमीहरूका परमेश्वरको सेवा गर।"**

एउटा पदमा परमेश्वरको डर मान भनेर तिनीहरूलाई आदेश दिएका थिए भने, अर्को पदमा उहाँलाई प्रेम गर भनिएकोछ। तर यस पदमा उहाँको डर वा भय मान्नु र त्यसैबखत उहाँलाई प्रेम पनि गर भनेको छ। साधारण बुझाइमा प्रेम गर्नु र डराउनु भन्दा एक आपसमा बाझेको देखिन्छ तर त्यसो होइन। तर परमेश्वरको भय गर्नु भन्नुको तात्पर्य उहाँ को हुनुहुन्छ सो आत्मज्ञान पाएर उहाँलाई हामीले आदरसम्मान, भक्ति, श्रद्धा देखाउनु हो। उहाँको प्रभुत्वता, शक्ति, न्याय र धार्मिकताप्रति आश्चर्यचकित भएर हृदयदेखि चोखो मनले श्रद्धा देखाउनु हो। उहाँलाई हेर्दा हामी पापी छौँ, हामी कमजोरी छौँ र हामी उहाँमाथि भरोसा राख्छौँ भन्ने भावना स्वःत जागेर आउनुपर्दछ। पतित भएकाले हामी उहाँको व्यवस्थालाई उल्लङ्घन गरेका छौँ र उहाँको अनुकम्पा र अनुग्रहबिना हामी दोषी र अनन्तको मृत्युको भागिदार भएका छौँ।

**एफिसी २:१-१० पढ्नुहोस्। ती पदहरू पढेर परमेश्वरको भय मान्नु र त्यसैवखत उहाँलाई प्रेम गर्नु भनेको के रहेछ भनेर हामीलाई ती पदहरूले कसरी बुझाउन खोज्दछ? " १ तिमीहरू आफ्ना अपराध र पापहरूद्वारा मरेको बेलामा उहाँले तिमीहरूलाई जीवित पार्नुभयो। २ यिनैमा यस संसारको रीतिअनुसार र आकाशको शक्तिको मालिकअनुसार, अनाज्ञाकारिताका सन्तानमा अहिले काम गर्ने आत्माअनुसार तिमीहरू अघि एक पल्ट चल्दैथियौ। ३ तिनीमध्ये हामी सबै पनि शरीर र मनका इच्छा पूरा गरेर आफ्नो पापमय स्वभावका लालसामा अघि जिउँथ्यौं, र बाँकी मानिसजस्तै हामी स्वभावैले क्रोधका सन्तान थियौं। ४ तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो, ५ यसकारण पापमा हामी मरेका भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो— अनुग्रहबाट नै तिमीहरूले उद्धार पाएका छौ। ६ र उहाँसँग हामीलाई उठाउनुभयो, अनि स्वर्गीय स्थानहरूमा ख्रीष्ट येशूसँग बसाल्नुभयो। ७ योचाहिँ ख्रीष्ट येशूमा हामीप्रति उहाँको दयामा आफ्नो अनुग्रहको असीम सम्पत्ति आउँदा युगहरूमा देखाउनलाई हो। ८ किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ— र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो— ९ कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ। १० किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं। हामी तीबमोजिम हिंड़ौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो।"**

हामीहरू क्रोधको सन्तान भएकोभएतापनि (त्यसैकारण हामी उहाँसँग डराउनु त पर्छ नि), येशू ख्रीष्ट हाम्रो निम्ति मर्नुभयो र उहाँमा हामीलाई नयाँ जीवन उपलब्ध गराइएको छ। त्यो नयाँ जीवन भनेको के हो भन्दा हामी

पापबाट स्वतन्त्र हुनु र हामीहरूको विगतको दोषपूर्ण जीवनबाट उन्मुक्ति पाउनु हो। त्यसैकारणले उहाँलाई हामीले प्रेम गर्नुपर्छ।

हामीमाथि प्रयोग हुने त्यो नीति पौराणिक इस्राएलमाथि पनि लागुभएको थियो। तिनीहरू मिश्रदेशका दासत्वको जीवन बिताउन बन्धनमा परेको थियो। तिनीहरू दास हुन र दमन हुन तिनीहरूको टाउकोमा थुपारिएको थियो। तिनीहरूप्रति परमेश्वरको प्रेम र अनुग्रहले गर्दा तिनीहरूलाई मिश्रदेशको दासत्वबाट उद्धार गरिएको थियो। व्यवस्था ५:१५ले स्पष्टरूपमा किटान गरेको छ, "तिम्रो परमप्रभु परमेश्वरले त्यहाँबाट तिमीहरूलाई निकालेर ल्याउनुभयो।" त्यसैकारण उहाँलाई दुवै प्रेम र भय वा श्रद्धा गर्नु तिनीहरूको निम्ति उचित थियो। हाम्रो निम्ति येशू क्रुसमा मर्नुभएको महान् सत्यको आत्मज्ञानले सम्पन्न भएको हामी त झन उहाँलाई प्रेम गर्न र उहाँप्रति श्रद्धा वा उहाँको भयमा चल्न कतिको राजी हुनुपर्दछ?

**प्रकाश १४:६,७ पढ्नुहोस्। यस संसारको अन्तको निम्ति दिएको सन्देशको पहिलो भागमा परमेश्वरको भय मान भनेर आदेश दिएको छ। यस संसारमा के भइरहेका छन् र के हुनेवालाछन् त्यस सन्दर्भमा यो आदेशको औचित्य कसरी पुष्टि हुन्छ? हेर्नुहोस्, " ६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।"**

## ३. उहाँले हामीलाई पहिला प्रेम गर्नुभयो

व्यवस्थाको पुस्तकमा दिएको अनुसार विभिन्न नीतिनिर्देशनहरू र यहूदी राष्ट्रलाई दिएको सबै उपदेश र चेतावनीहरू तिनीहरूले पालन गर्नै पर्नेको बीचमा तिनीहरूले परमेश्वरलाई सारा हृदय, आत्मा वा प्राण र बाहुबलले प्रेम गर्न अग्रज स्थान ओगट्न तिनीहरूबाट अपेक्षा गरिएको थियो। त्यो स्थान ओगट्न असल कारणहरू थिए। तत्कालिन कुनै पनि देशका जनताहरूलाई होइन केवल तिनीहरूलाईमात्र "आज्ञा, विधि र विधानहरू" तिनीहरूलाई दिइएको थियो" (व्यवस्था ७:११)।

**आफ्ना जनहरूप्रति परमेश्वरको प्रेम कस्तो थियो भनेर देहायका केही पदहरू पढ्नुहोस्: व्यवस्था ४:३७ "उहाँले तिमीहरूका पिता-पुर्खालाई प्रेम गर्नुभएकोले र तिनीहरूपछि तिनीहरूका वंशलाई चुन्नुभएकोले, उहाँले आफ्नो**

उपस्थितिद्वारा र आफ्नो महाशक्तिद्वारा तिमीहरूलाई मिश्रदेखि निकाल्नुभयो।", व्यवस्था ७:७,८,१३ "७ तिमीहरू संख्यामा अरू जातिहरूभन्दा धेरै भएकाले परमप्रभुले तिमीहरूलाई प्रेम गर्नुभएको वा छान्नुभएको होइन, किनकि तिमीहरू त संख्यामा सबै जातिहरूभन्दा कम थियौ। ८ तर परमप्रभुले तिमीहरूलाई प्रेम गर्नुभएको कारणले, र उहाँले तिमीहरूका पिता-पुर्खाहरूसित गर्नुभएको प्रतिज्ञा पूरा गर्नलाई नै तिमीहरूलाई परमप्रभुले आफ्नो बाहुबलद्वारा निकाली ल्याउनुभयो, र मिश्रका राजा फारोको हातबाट, दासत्वको देशबाट छुटकारा दिनुभयो।... १३ उहाँले तिमीहरूलाई प्रेम गर्नुहुनेछ, र तिमीहरूलाई आशिष् दिएर तिमीहरूलाई वृद्धि गर्नुहुनेछ। उहाँले तिमीहरूलाई दिन्छु भनेर तिमीहरूका पिता-पुर्खासित प्रतिज्ञा गर्नुभएको देशमा तिमीहरूका शरीरको फल, भूमिको फल— अन्न, नयाँ दाखमद्य, तेल— गाईबस्तुका बाछा-बाछीमा र भेड़ाबाख्राका पाठाहरूमाथि पनि उहाँले आशिष् दिनुहुनेछ।", व्यवस्था १०:१५ "तापनि तिमीहरूका पिता-पुर्खामा नै आफ्नो प्यार खन्याई परमेश्वरले तिनीहरूलाई प्रेम गर्नुभयो, र आज तिमीहरूले देखेझैं तिनीहरूका सन्तान तिमीहरूलाई नै सबै जातिहरूका माझबाट उहाँले चुन्नुभयो।", व्यवस्था २३:५ "तापनि परमप्रभु तिमीहरूका परमेश्वरले बालामको कुरा सुन्नुभएन, तर उहाँले त्यो सरापलाई आशिष्मा परिवर्तन गर्नुभयो, किनभने उहाँले तिमीहरूलाई माया गर्नुहुन्छ।" र व्यवस्था ३३:३ "निश्चय नै तपाईं मानिसहरूलाई प्यारो गर्ने हुनुहुन्छ, सबै पवित्र जनहरू तपाईंकै हातमा छन्। तिनीहरू सबै तपाईंका पाउमा दण्डवत् गर्छन्, र तपाईंबाट अर्ती लिन्छन्।"

व्यवस्थाको पुस्तकमा मोशाले बारम्बार तिनीहरूका पूर्खा र तिनीहरूलाई परमेश्वरले कस्तो प्रेम गर्नुहुन्छ भनेर इस्राएलीहरूलाई सुनाएका थिए। परमेश्वरले केवल मुखलेमात्र होइन उहाँले कामैद्वारा त्यो प्रेम प्रकट गर्नुभएको थियो। तिनीहरूले पाप गरेतापनि, तिनीहरू जतिसुकै असफल भएतापनि, तिनीहरूमा जतिसुकै कमीकमजोरीहरू भएतापनि तिनीहरूप्रति परमेश्वरको प्रेम अटल नै भइरहेको थियो। तिनीहरूलाई परमेश्वरले कस्तो व्यवहार गर्नुभयो त्यसबाट तिनीहरूप्रति उहाँको प्रेम खुलस्त र प्रभाकारीरूपमा प्रकट गरिएको थियो।

**"उहाँलाई हामी प्रेम गर्छौं किनभने उहाँले नै हामीलाई पहिला प्रेम गर्नुभयो" (१ यूहन्ना ४:१९ रूपमान्तरित)। हामीले परमेश्वरलाई किन प्रेम गर्नुपर्छ भनेर यस पदले हामीलाई कसरी खुलाएको छ?**

यस संसारमा हामी मानव जातिको अस्तित्व हुनुभन्दा अघि नै र यस संसारमा सृष्टिको जग बसाल्नु अघि नै मुक्तिको योजना तयार गरिएको थियो (एफिसी १:४)।

यस मामिलामा एलेन जी ह्वाइटले आफ्नो भावना यसरी व्यक्त गर्दछिन्: "मुक्तिको योजना पछि बनाइएको होइन वा आदमको पतनपछिमात्र बनाइएको थिएन। यो 'रहस्यको प्रकाश, जो युग-युगदेखि गुप्त रहेको थियो' रोमी १६:२५। परमेश्वरकै सिंहासनको जगमा रहेको युगौं युगको मुक्तिको योजनाका नीतिहरू येशूद्वारा उघारिएको थियो।"-द डिजाएर अभ एजेज्, पृ. २२बाट रूपान्तरित।

"हाम्रो परमेश्वर कस्तो हुनुहुन्छ भनेर थाहा पाउन हामी कतिको भाग्यमानी छौं। प्रेमको परमेश्वर, हामीप्रति उहाँको महान् प्रेमले गर्दा उहाँ क्रुसमा हाम्रो निम्ति जानुभयो। आफ्नो स्वार्थत्यागको प्रेम जसले गर्दा उहाँ मर्नसम्म पनि निहुरिन र आफूलाई नम्र बनाउनुभयो। त्यही प्रेमले नै गर्दा उहाँ क्रुसमा पनि उहाँलाई घचेडिदियो (फिलिप्पी २:८)। इस्राएलीहरूले सायद कल्पनानै गर्न नसकेको परमेश्वरको प्रेम आज हामीलाई प्रकट गरिएको छ।

**प्रेमको सट्टा घृणा गर्ने, रिसाहा, प्रतिशोध गर्ने वा अलकति पाप गरेपनि नर्कमा जाक्ने परमेश्वर वा बाइबलमा देखाइएको परमेश्वरभन्दा फरक भएको भए के हुन्थ्यो होला? अहिलेको संसार, उहाँ भएको जगत र पछिको संसार कस्तो हुने होला? परमेश्वरको सतप्रेमको आत्मज्ञान हामीमा प्रकट भएकोले हामी किन खुशीले गदगद हुनुपर्दछ?**

## ४. यदि तिमीहरूले मलाई प्रेम गर्छौं भने, मेरा आज्ञाहरू पालन गर

व्यक्तिलाईमात्र होइन सारा इस्राएल राष्ट्रलाई नै परमेश्वरलाई प्रेम गर्न बोलाइएको थियो। यद्यपि, यो इस्राएलले परमेश्वरलाई प्रेम गर्न अध्यादेश जारी गरेर होइन तर व्यक्ति व्यक्तिमा परमेश्वरको प्रेम हुनु र व्यक्तिव्यक्तिले अनुभव गर्नु आवश्यक छ। प्रत्येक मानव प्राणीलाई आत्मनिर्णयको स्वतन्त्रता दिएको अनुसार प्रत्येक इस्राएलीले आफ्नै व्यक्तिगत निर्णयद्वारा परमेश्वरलाई प्रेम गर्न अपेक्षा गरिएको छ। त्यो प्रेम तिनीहरूले उहाँप्रति आज्ञाकारी भएर देखाउँदा प्रकट हुन्दछ।

**देहायका पदहरूमा के समान धारणा छ वा तिनीहरूमा के एउटै विषयलाई औंल्याएको छ? हेर्नुहोस्, व्यवस्था ५:१० "मलाई प्रेम गर्ने र मेरा आज्ञाहरू पालन गर्नेहरूका हजारौं पुस्तामाथि म कृपा गर्नेछु।", व्यवस्था ७:९ "याद राख, परमप्रभु तिमीहरूका परमेश्वर मात्र परमेश्वर हुनुहुन्छ, एक**

**विश्वासयोग्य परमेश्वर। उहाँलाई प्रेम गर्ने र उहाँका आज्ञा पालन गर्ने हजारौं पुस्तामाथि उहाँले आफ्नो प्रेमको करार पूरा गर्नुहुन्छ, र दया देखाउनुहुन्छ।", व्यवस्था १०:१२,१३ "१२ यसैकारण अब हे इस्राएली हो, परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूबाट चाहनुभएका कुरा यी नै हुन्: तिमीहरूले आफ्ना परमप्रभु परमेश्वरको डर मान, उहाँका सबै मार्गमा हिँड, उहाँलाई प्रेम गर, आफ्नो सारा हृदय र प्राणले परमप्रभु तिमीहरूका परमेश्वरको सेवा गर, १३ र तिमीहरूका हितको लागि मैले आज तिमीहरूलाई आदेश गरेका परमप्रभुका आज्ञा र विधिहरू मान।" व्यवस्था ११:१ "परमप्रभु आफ्ना परमेश्वरलाई प्रेम गर, र उहाँका आदेश, विधिविधान र आज्ञाहरू सधैं पालन गर।" र व्यवस्था १९:९ "परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूका पुर्खाहरूसँग प्रतिज्ञा गर्नुभएअनुसार जब तिमीहरूका मुलुकको वृद्धि गरी प्रतिज्ञाको सम्पूर्ण देश दिनुहुन्छ।"**

परमेश्वरको वचन योभन्दा स्पष्ट अरू के हुन सक्छ र? परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ भनेर हामीलाई खालि भन्नुहुन्न तर त्यो प्रेम उहाँले हामीलाई जे गर्नुभयो र जे गरिरहनुभएको छ त्योबाट प्रकट भएको थियो र प्रकट गरिनै रहनेछ। त्यसको प्रत्युत्तरमा परमेश्वरका जनहरूले पनि तिनीहरूको क्रियाकलाप, जीवनशैली र आनिबानीले परमेश्वरप्रतिको तिनीहरूको प्रेम प्रकट गर्नुपर्छ। परमेश्वरप्रति प्रेमसँग उहाँप्रति आज्ञाकारी हुने नअलगिनेतरिकाले बुनिएको माथिका पदहरूमा खुलस्त गरिएको छ।

त्यसैकारण, जब यूहन्नाले यो भन्दा "यो नै परमेश्वरको प्रेम हो यदि हामीले उहाँका आज्ञाहरू पालन गर्‍यौं भने" (१ यूहन्ना ५:३ रूपान्तरित) वा येशूले जब भन्नुहुँदा "यदि तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर" (यूहन्ना १४:१३ रूपान्तरित) प्रेमको आधारभूत शिक्षालाई व्यक्तमात्रै गरिरहेको थियो। परमेश्वरलाई प्रेम गरेको भनेर देखाउन उहाँप्रति आज्ञाकारी भएर नै देखाउनुपर्छ। यो नीति जगतको सुरुदेखि र अन्त्यसम्म कायम छ। परमेश्वरप्रति आज्ञाकारी हुनुभनेको उहाँको व्यवस्था वा दश आज्ञाहरूलाई पालन गरेर देखाउनु हो। यसमा चौथो आज्ञा साबथ पनि समावेश भएको छ। यो कस्तो अचम्मको छ अरू नौवटा आज्ञाहरू पालन गर्दा अरू इसाईहरूले एडभेन्टिस्टहरूलाई विधिबाद भन्दैनन् तर साबथलाई पालन गर्दाचाहिँ तिनीहरूलाई विधिवाद भनेर तिनीहरूको विरोध गर्छन्! हत्या नगर्नु, चोरी नगर्नु, व्यभिचार नगर्नु, लोभ नगर्नु, झुठो नबोल्नु आमाबाबुलाई आदर गर्नुचाहिँ विधिवाद होइन रे तर साबथसमेत गरेर पहिलो चार आज्ञाहरू पालन गर्दा परम्परावादी, विधिवाद वा नयाँ करारलाई नमान्ने रे! यो कस्तो तर्क हो?

तर यथार्थता त यो छ, यदि परमेश्वरलाई प्रेम नगरि कुनै पनि आज्ञा औपचारिक पूरा गर्न पालन गर्न थालियो भने त्यो विधिवाद वा परम्परावादी भन्न सुहाउँछ। यदि विशेष गरेर येशू ख्रीष्टद्वारा परमेश्वरले जे गर्नुभयो त्यसको आत्मज्ञानले सुसज्जित भएर परमेश्वरलाई हृदयदेखि आभारित भएर प्रेम गर्छौं तब उहाँका वचनहरू पालन गर्न हामी उत्सुक हुने हुन्छौं किनकि त्यो गर्न ख्रीष्टले हामीलाई आह्वान गर्नुभएको छ।

जब परमेश्वरले इस्राएलीहरूलाई मिश्रदेशबाट छुटाएर ल्याउनुभयो त्यसपछि मोशाले तिनीहरूलाई बारम्बार परमेश्वरलाई प्रेम गर भनेर अनुरोध गरेका थिए। अर्थात् तिनीहरूले गर्ने उहाँप्रतिको प्रेम र आज्ञाकारिता उहाँले तिनीहरूलाई दिनुभएको मुक्तिको प्रत्युत्तरमा गर्नुपर्ने हो। परमेश्वरले तिनीहरूलाई उद्धार गर्नुभएको थियो। अब तिनीहरूले उहाँका आज्ञाहरूलाई विश्वाससाथ पालना गरेर वा उहाँका आज्ञाहरूलाई उचालेर र शिरोपर गरेर जनाइदिनुपर्दथ्यो। के त्यो जिम्मेवारी आज फरक छ र?

**परमेश्वरको बचन पालन गर्ने मामिलामा तपाईंको अनुभव कस्तो छ? परमेश्वरका आज्ञाहरू पालन गर्नु तपाईंको नियत के छ? करले होइन, अरूले गऱ्यो भनेर होइन, चर्चको निर्देशन पालन गर्न होइन वा बाबुआमा वा पास्टरले भनेको भरमा होइन परमेश्वरप्रति तपाईंको आफ्नै प्रेमको कारणले उहाँलाई प्रेम गर्नु किन जरुरी छ? त्यसैबखत बाइबलले बताएको परमेश्वरप्रति भय र श्रद्धाले पनि उहाँप्रति प्रेम गर्ने आदत किन हुनुपर्दछ?**

## ५. पहिलो आज्ञा

कतिपय इसाईहरूले विभिन्न कारणहरू देखाएर नयाँ करार र पुरानो करारलाई अलग पारेर अब हामी येशूपछिका छौं त्यसकारण पुरानो करारसँग हाम्रो सरोकार छैन भनेर सिकाउँदछन्। बाइबलमै उल्लेख नगरेको यो भिन्नता वा विभाजन पावलको वचन सम्पूर्ण धर्मशास्त्र भन्ने कथनप्रति वेवास्ता गरे बाइबललाई टुक्राउने ठूलो अन्याय ती इसाईहरूले गर्नु दुःखलाग्दो कुरो मान्नुपर्दछ। नयाँ करारमा भएको सत्यतालाई जोखिममा नपारी पुरानो करारलाई अलग्याउन सकिन्दैन। नयाँ करारमा उल्लेख गरेका प्रभु येशूको जीवन, मृत्यु, पुनरुत्थान र उहाँको महापूजारीको कामलाई अनुमोदन र व्याख्या गर्न र पुरानो करारका भविष्यवाणीहरू पूरा भएको स्पष्ट गर्न पुरानो करारको पुस्तक अतिआवश्यक छ। येशूको बारेमा विभिन्न प्रतिक वा नक्कनहरू पुरानो करारमा थिए र जब उहाँ आउनुभयो तब उहाँ ती प्रतिक तथा नक्कलहरूको सक्कल उहाँ हुनुभएको भनेर हामीलाई सिकाउँदछ। नयाँ करारको पृष्ठभूमि, र

प्रसङ्गहरू पुरानो करारको आधारमा छन्। दुवै करारहरूले परमेश्वरको प्रेम र हामीप्रति उहाँको हितलाई प्रकट गर्दछ।

त्यसैकारण येशू समेतले गरेर नयाँ करारका सबै लेखकहरूले पुरानो करारबाट बारम्बार उद्धृत गरेका छन्।

**मर्कूस १२:२८-३० पढ्नुहोस्। जब धर्मशास्त्रका एक जना पण्डितले येशूलाई पहिलो वा मूख्य आज्ञा कुन हो भनेर सोधेका थिए। उनको प्रश्नको जवाफ येशूले कहाँबाट नै दिनुभयो? हेर्नुहोस्, "२८ शास्त्रीहरूमध्ये एक जना आए, र तिनीहरूलाई आपसमा विवाद गरिरहेका सुने। येशूले मानिसहरूलाई ठीक जवाफ दिनुभएको देखेर तिनले उहाँलाई सोधे, "सबै आज्ञाहरूमा मुख्यचाहिँ कुन हो?" २९ येशूले जवाफ दिनुभयो, "सबैभन्दा मुख्यचाहिँ यो होः 'हे इस्राएल सुन्, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। ३० तैंले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा हृदयले, तेरो सारा प्राणले, तेरो सारा समझले, र तेरो सारा शक्तिले प्रेम गर्। ÷ "**

यो अचम्मको छ कि जिन्दगीभर धर्मशास्त्र र व्यवस्थाहरू अध्ययन गर्ने र तिनीहरूलाई कसरी व्यवहारमा लागु गर्ने भनेर सिकाउने पण्डितले नै येशूलाई प्रश्न गर्नुभएको थियो। बाइबलभन्दा बाहिरका धेरै नीति, विधि, विधान, व्यवस्था वा परम्पराहरू छन् जुन पालन गर्नुपर्छ भनेर यहूदी धर्मगुरुहरूले सिकाउँदथे र सिकाउँछन् पनि (यहूदी परम्परामा कमसेकम ६१३ विभिन्न कानुन वा विधिहरू थिए भनेर उल्लेख गरिएको छ)। ती सबै व्यवस्था, विधि वा नीतिहरूलाई एउटै निचोडमा त्यस पण्डितले येशूबाट थाहा पाउन चाहेकोमा हामी अचम्म मान्नुपर्दैन।

## उनको प्रश्नमा येशूको जवाफ के थियो?

उहाँ त व्यवस्थाको पुस्तकको ६ अध्यायतिर ध्यान गराउनुहुन्छ। "हे इस्राएल सुनः परमप्रभु हाम्रो परमेश्वर एक हुनुहुन्छ" (व्यवस्था ६:४)बाट नै उल्लेख गरेर त्यसको अर्को पदलाई उहाँले औंल्याउनुहुन्छ जहाँ परमेश्वरलाई सारा हृदय, आत्मा वा प्राणले र बाहुबलले प्रेम गर भनेर उल्लेख गरिएको छ। पुरानो करारलाई नै औंल्याउनुभएर येशूले तिनीहरूको परमेश्वरमात्रै परमेश्वर हुनुहुन्छ भनेर आफ्नो अडान देखाउनुभएको थियो। यही महान् सत्यको आधारमा तिनीहरूले परमेश्वरलाई सर्वोच्चरूपमा प्रेम गर्नुपर्छ भनेर येशूले नै जिकिर गर्नुभएको थियो।

यो नीति वा आदेशभन्दा अरू बढि "बर्तमान वा समयसापेक्षित सत्य" अरू के होला? युगको अन्तमा जब अन्तिम घट्नाहरू घटिरहन्छ त्यसबेला

प्रत्येक मानिसलाई नाटकिय ढँगमा नै कसको पक्षमा उभिने भनेर आत्मनिर्णय गर्न अवसर दिइनेछ। यसमा परमेश्वरका आज्ञाहरूले निर्णयक भूमिका खेल्नेछ (प्रकाश १४:१२)।

अन्तमा आएर अनेकौं सतावटहरूलाई हामीले सामना गर्नुपरेतापनि हामी परमेश्वरलाई सत्य हृदय, प्राण र बाहुबलले प्रेम गरेकाछौं कि छैनौं भनेर देखाउनु पर्नेछ। यो निर्णयक अडान हामी त्यसबेला लिन सक्छौं जब हामी आफैले व्यक्तिगतरूपमा परमेश्वरलाई चिन्छौं र हामीप्रति उहाँको हित, प्रेम र अनुग्रहलाई अनुभव गर्न सक्छौं। यदि आवश्यक परेमा त्यसको निम्ति मर्न पनि तयार हुनुपर्दछ।

**व्यक्तिगतरूपमा नदेखेको परमेश्वरलाई कसरी प्रेम गर्ने भनेर तपाईंलाई सोध्यो भने तपाईंको जवाफ के हुनेछ? सोच्नुहोस्।**

## उपसंहारः

**थप जानकारीः** "सारा युगौं युग अर्थात् अनन्त समयभरि मुक्ति पाएकाहरूले गाउने गीत र अध्ययन गर्ने विज्ञाननै ख्रीष्टको क्रुस हुनेछ। महिमित ख्रीष्टमा तिनीहरूले क्रुसमा टाँगिएको ख्रीष्टलाई हेर्नेछन्। यस पृथ्वीमात्र होइन अरू अनगिन्तियौं पृथ्वी तथा जगतहरूलाई आफ्नो शक्तिले सृष्टि गर्नुहुने र थाम्नु हुने येशू ख्रीष्ट जो परमेश्वरको प्रिय पुत्र र स्वर्गको महिमित शासकको क्रियाकलापलाई कहिल्यै पनि बिर्सिनेछैन। विशेष स्वर्गदूतहरू करुब र चहकिलो सराफले ढोग्न मनपराउने ख्रीष्ट अत्यन्तै नम्र र नरम भएर पतित मानिसको लागि झुक्नुभयो, पापको दोष र बेइज्जतलाई आफ्ना काँधमा बोक्नुभयो, पिताको अनुहारबाट लुक्नुभयो, पतित संसारका सबै दुःखकष्ट, पिडा, आतङ्क आदिले उहाँको हृदय छियाछिया पार्न दिनुभयो र कलभरीमा आफ्नो जीवनलाई धुजाधुजा पार्नुभयो। जगतमा भएका सारा पृथ्वीहरूको सृष्टिकर्ता, सबैका गन्तव्यहरूलाई निर्धारण गर्नुहुनेले आफ्नो महिमालाई थन्क्याएर मानिसको प्रेमको निम्ति आफूलाई निहुर्‍याउनुभयो। सारा जगत ताजुब मान्दै र उहाँप्रति श्रद्धाले भरिएर उहाँको त्यो निस्वार्थ कामप्रति चकित हुँदै अनन्तसम्म अध्ययन गरिरहनेछ। जब तिनीहरूको मुक्तिदातालाई मुक्ति पाएका राष्ट्रहरूले हेर्नेछन् र परमेश्वर पिताको महिमा उहाँको अनुहारमा चम्किरहेको देख्नेछन्, जब तिनीहरूले उहाँको अनन्तदेखि अनन्तसम्मको सिंहासनलाई हेर्नेछन् र उहाँको राज्यको अन्त्य कहिल्यै हुनेछैन भनेर थाहा पाउनेछन् तब तिनीहरू परम आनन्दले भावविभोर भएर यो भजनले जगतलाई गुञ्जाइ दिनेछन्: 'योग्य, योग्यको थुमा जो मारिनुभएको थियो र उहाँको आफ्नै अमूल्य रगत बगाएर

हामीलाई परमेश्वरको सामु पेश गर्नुभयो।'"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ६५१,६५२बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको माथिका कथनहरू फेरि पढ्नुहोस्। हामीमा हुने सबै प्रेमभन्दा महान् प्रेम परमेश्वरप्रति हाम्रो प्रेम किन हुनुपर्दछ? "सारा जगतमा भएका अनगिन्तियौं पृथ्वीहरूलाई थाम्नुहुने परमेश्वर हाम्रो निम्ति क्रुसमा जानु भयो" त्यसको अर्थ के हो, सोच्नुहोस्। परमेश्वरसँगक सम्बन्धको जग नै यो सत्य किन हुनुपर्दछ?

आ. परमेश्वरको भय मान्नु र उहाँलाई प्रेम गर्नुको अवधारणालाई अझ धेरै गहिरिएर सोच्नुहोस्। ती दुवै कसरी गर्ने र हामी ती दुवै किन गर्ने?

इ. हाम्रो जीवन ठिक ठिक चलिरहेको बेलामा परमेश्वरलाई प्रेम गर्नु सजिलो छ। तर हाम्रो जीवन असहज वा कुनै अप्रिय घट्नाको मारमा हामी पर्‍यौं भने त्यसबेला के गर्ने? यस्तै बेलामा परमेश्वरलाई प्रेम गर्नु झन अझ किन महत्त्व छ?

ई. परमेश्वरलाई प्रेम गर्नु भनेको के हो भनेर परमेश्वरलाई विश्वास नगर्नेलाई कसरी व्याख्या गर्ने? हामी मानव जातिले भौतिकरूपमा कहिल्यै नदेखेकोलाई कसरी प्रेम गर्ने? उहाँलाई व्यक्तिगतरूपमा देखेपनि नदेखेपनि उहाँलाई प्रेम गर्नु जरुरी छ भनेर हामी कसरी प्रतिवद्ध हुने?

## कथा ४
## तीन रहस्यहरू
## बटजल गानबोल्ड, ३० मङ्गोलिया



तीनवटा प्रश्नहरूले सानो केटो बटजललाई अलमलमा पारेको थियो। ऊ सानो हुँदा घोडाहरूलाई किन घोडा भन्छन्, कुकुरहरूलाई किन कुकुर भन्छन् र ब्वाँसोहरूलाई किन ब्वाँसो भन्छन् भन्ने प्रश्नहरू उसको मनमा गुञ्जिरहन्थ्यो। तर कसले ती जनावरहरूलाई नाउँ दिइयो भनेर उसले सोध्दा कसैले पनि उसलाई त्यसको जवाफ दिन सकेको थिएन।

एक दिन मङ्गोलियाको राजधानीमा ठूला ठूला अक्षरहरूले लेखेका साइनबोर्डहरू बटजलले देख्यो। तिनीहरूमा चुरोट नपिउन चेतावनीहरू लेखिएका थिए। चुरोट पिउन हानीकारक छ भने मानिसहरूले किन चुरोट पिउँछन् त भनेर उसले आफ्नो बाबुलाई सोध्यो। बुबा केवल मुस्कुराएमात्र। मानिसहरू किन चुरोट पिउँछन् त्यसको बारेमा उसको बुबाले उसलाई दिन सकेनन्।

अनि एकदिन त्यस केटाको सोच मृत्युमा गयो। उसको बुबा मृगौलाको रोगले गर्दा मृत्यु भएको थियो। मानिस मरेपछि के हुन्छ भनेर उसले सोच्न थाल्यो। तर कसैले पनि मानिस मरेपछि के हुन्छ त्यसको चित्तबुझ्दो जवाफ उसलाई दिन सकेको थिएन।

बुबाको मृत्युभएपछि बटजलको जीवनमा भारी परिवर्तन आयो। बटजल सोऱ्ह वर्षको थियो। आफ्नी आमा र तीन जना भाइबहिनीहरूलाई खाना ख्वाउन उसले बाहिर बजारमा काम गर्न थाल्यो। अनि नराम्रोको सङ्गतमा परेर उसले चुरोट पिउन थाल्यो।

एक दिन उसको ठूली दिदीले कोरियाबाट फोन गरिन्, र उसलाई चर्च जान सल्लाह दिइन्। उनी मङ्गोलियाबाट कामको निम्ति कोरियामा गएकी थिइन्। उनी आफै पनि चर्च जान थालेकी थिइन्।

"उलनबाटरको चर्चमा जानु," दिदीले उसलाई भन्यो। मङ्गोलियनहरूले आफ्नो राजधानी उलनबाटरलाई "यु-बी" भनेर सम्बोधन गर्दछन्।

बटजल इसाई थिएन, र आफू इसाई हुन्छु भनेर कहिल्यै पनि सोचेको थिएन। तर चर्च कहाँ छ सो उसलाई थाहा थिएन। त्यसकारण उसले टेलिफोन अफिसमा फोन गरेर सोध्यो। "मलाई यु-बीमा रहेको चर्चको ठेगाना दिनु होस न," भनेर उसले अनुरोध गऱ्यो। टेलिफोन अफिसको महिलाले उसलाई चर्चको ठेगाना दिइन् र ऊ चर्च जान थाल्यो।

केही महिनापछि दिदीले फोन गरेर के ऊ चर्च गइरहेको छ कि भनेर सोधिन्। आफू नियमितरूपमा चर्च गइरहेको छु भन्ने भाइबाट जवाफ सुनेपछि उनी खुशी भइन्। "हरेक आइतबार चर्च जान तिमी कसरी समय पाउँछौं?" दिदीले सोधिन्।

"आइतबार?" उसले भन्यो। "म त शनिबार चर्च जान्छु।" आफू सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा गइरहेको बटजलले दिदीलाई सुनायो।

एक साबथ चर्चमा, उसलाई खराब बानी कसरी छोड्ने भन्ने पुस्तक कसैले उसलाई दियो। जब उसले त्यो किताब पढ्न थाल्यो, तब चुरोट पिउने पाप हो भनेर उसलाई महसुस भयो। उसको शरीर पवित्र आत्माको मन्दिर हो भनेर उसले १ कोरन्थी ३:१६मा पढ्यो। तर उसले चुरोट पिउन छोड्न सकेन।

एक दिन आफ्नो घरको भन्डार कोठामा आफूलाई भित्रबाट चुकुल लगाएर थुन्यो। उसले चुरोटको बट्टा खल्तीबाट निकाल्यो र अत्यन्तै निराश भएर प्रार्थना गऱ्यो, "यदि परमेश्वर तपाईँ जीवित हुनुहुन्छ भने मलाई चुरोट पिउन छोडाउन सहयोग गर्नुहोस्।" बन्द भएको ढोकामा उसले त्यो चुरोटको बट्टा फ्याँक्यो। उसले लामो सास फेऱ्यो। केही समयपछि आनन्द र शान्तिको खोलो आफ्नो हृदयमा बगेको अनुभव गऱ्यो।

भोलिपल्ट बेलुकीपख, बटजलले आफ्नो खल्तीमा हात हाल्यो। त्यसबाट चुरोट सल्काउने लाइटर निकाल्यो। आफूले दिनभरि चुरोट पिउने कुरा मनमा पनि नआएको उसलाई अचानक महसुस भयो। उसको चुरोट पिउने चाहना गुमेको थियो।

चर्चमा, लाइटर खल्तीबाट निकालेर बाइबल सिकाउने शिक्षिकालाई बढो खुशी भएर भन्यो, "चार दिन भयो, मैरो चुरोट पिएको छैन।" "तिमीले येशूलाई भेट्टायौ," त्यस शिक्षिका खुशी भएर भनिन्।

बटजलले गम्भिर र इमान्दारसाथ बाइबल अध्ययन गर्न थाल्यो। आदमले पशुहरूको नाउँ दिएको उत्पत्तिको पुस्तकमा उसले पढ्यो। ख्रीष्ट र

सैतानको बीचमा भइरहेको द्वन्द्वको बारेमा उसले पढ्यो, र परमेश्वरको हातको कामलाई बिगार्न सैतानले नै मानिसलाई चुरोटको लतमा लगाएर फसाउँछ भनेर पनि उसले थाहा पायो। मृत्यु भनेको सपना नदेखिने निन्द्रा हो र ऊ मरेपछि येशूको दोस्रो आगमन नहुञ्जेल अचेत हुन्छ भनेर पनि उसले सिक्यो। बाइबलला दिएका जवाफहरू सबै तर्कयुक्त भएको उसले भेट्टायो। उसले आफ्नो हृदय येशूलाई सुम्प्यो।

आज, बटजल ३० वर्षको छ, र ऊ र उसकी श्रीमती मङ्गोलियामा ग्लोबल मिसिनेरी पायोनियर भएर सुसमाचारीय काम गर्दछन्। जीवनका रहस्यहरूको सबै जवाफ बाइबलमा पाइन्छ भनेर उसले आफ्ना मित्रहरूलाई उनले सुनाउँछन्।

उनको मन पर्ने पद यर्मिया २९:१३ हो, जहाँ परमेश्वरले भन्नुभएको छ, "यदि तिम्रो सारा हृदयले मलाई खोज्यौ भने तिमीले मलाई भेट्टाउनेछौ।" (रूपान्तरित)।

**-आन्ड्र्यु मेकचेस्नी**